# प्राविधिक कर्मचारी र नगर प्रहरी सेवा करारमा लिने सम्वन्धी सूचना

सूचना प्रकाशित मिति : २०७६/०५/३०

यस गोदावरी नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयको लागि तपसिल बमोजिमको पद र संख्यामा प्राविधिक कर्मचारी तथा नगर प्रहरी कर्मचारीहरु सेवा करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरुबाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपुर्वक दरखास्त भरी राजश्व तिरेको रसिद सहित पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

तपसिल

| क.सं. | सूचना नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०७६/०७७ | इन्जिनियर सिभिल | अधिकृतस्तर छैटौं | १ (एक) | |
| २ | ०२/०७६/०७७ | सव-इन्जिनियर सिभिल | सहायकस्तर पाचौं | ५ (पाँच) | |
| ३ | ०३/०७६/०७७ | ढलपाले | तहविहीन | ९ (नौ) | |
| ४ | ०४/०७६/०७७ | नगर प्रहरी नायब निरीक्षक | सहायकस्तर पाचौं | १ (एक) | |
| ५ | ०५/०७६/०७७ | नगर प्रहरी सहायक निरीक्षक | सहायकस्तर चौथो | १ (एक) | |
| ६ | ०६/०७६/०७७ | नगर प्रहरी हवल्दार | सहायकस्तर तृतिय | २ (दुई) | |
| ७ | ०७/०७६/०७७ | नगर प्रहरी जवान | सहायकस्तर द्वितिय | ६ (छ) | |

परीक्षाको किसिम :-

- प्राविधिक कर्मचारीको हकमा प्रारम्भिक छनौट र अन्तरवार्ता, नगर प्रहरीको हकमा प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती परीक्षा, लिखित परिक्षा र अन्तरवार्ता

**दरखास्त दस्तुर :-** ढलपालेको लागि रु. १५०/-, नगर प्रहरी जवान र नगर प्रहरी हवल्दारको लागि रु. ३००/, नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदका लागि रु.५००/- र सहायकस्तर पाँचौं सव-इन्जिनियर पदको लागि रु.५००/- र अधिकृतस्तर छैटौं इन्जिनियरको लागि रु.१०००/-

**दरखास्त दस्तुर बुझाउने विधी र स्थान :-** फाराम दस्तुर रु. ५०/- तिरी यस नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त गरि तोकिएको अवधि भित्र पेश गर्नु पर्नेछ । तोकिएको दस्तुर यस न.पा.को राजश्व शाखा (**कोठा नं.२०३**) मा बुझाई **कोठा नं. १०९** मा फाराम स्वीकृत गराई प्रशासन शाखा (कोठा नं. २०६) मा सक्कल रसिद दरखास्तसाथ संलग्न राखि पेश गर्नुपर्ने छ ।

**दरखास्तसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :-**

- उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, कर्मचारीको हकमा पासपोर्ट साइजको ३ प्रति फोटो, नगर प्रहरीको हकमा ३ प्रति फोटो, सम्वन्धित पदमा काम गरेको अनुभव भए सोको प्रमाण पत्रको प्रतिलिपी, इन्जिनियर पदको लागि नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी र राजश्व बुझाएको नगदी रसिद सहित प्रमाण पत्रका पछाडी उम्मेदबार स्वयंले प्रमाणित गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति :** मिति २०७६/०६/१३ सम्म

**उम्मेदबारको उमेरको हद :- इन्जिनियर/सव इन्जिनियर** पदको लागि १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको, **ढलपाले** पदको लागि १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको, **नगर प्रहरी**को हकमा दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**परीक्षा कार्यक्रम :** पछि सूचना प्रकाशन गरिनेछ ।

**पदमा रहि गर्नुपर्ने कामको विवरण :-** नगरपालिकाले तोके बमोजिम

**तलब तथा सेवा सुविधा :-** नगर कार्यपालिकाको निर्णय अनुसार

**आवश्यक न्युनतम योग्यता :-**

- **इन्जिनियर :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक (B.E.) वा सो सरह उत्तिर्ण
- **सव-इन्जिनियर :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण
- **ढलपाले :** साधारण लेखपढ गर्न जान्ने

- **नगर प्रहरी नायब निरीक्षक :** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण
- **नगर प्रहरी सहायक निरीक्षक** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण
- **नगर प्रहरी हवल्दार र नगर प्रहरी जवान** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तिर्ण
- **नेपाल प्रहरी र नेपाली सेनामा कम्तीमा ५ वर्ष काम गरेको अनुभव । तर निबृत्तिभरण प्राप्त गर्ने व्यक्तिलाई छनौटमा प्राथमिकता दिईने छैन ।**
- नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको
- मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको
- प्रचलित कानून बमोजिम अयोग्य नभएको
- नगर प्रहरीको हकमा थप योग्यता
  - महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको
  - छाती नफुलाउदा घटीमा ३१ इन्च र फुलाउदा ३३ इन्च भएको ।
  - आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
  - स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

नोट : ग्रेडिङ्ग प्रणाली लागू भए पश्चात् प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई र माध्यमिक शिक्षा परीक्षा (S.L.C.) उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D+ / C.G.P.A. 1.6 प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हाँसिल गरेको मानिनेछ ।

- नगर प्रहरीको हकमा हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिनेछ । उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराईनेछ ।
- सेवा सुविधा, पारिश्रमिक, राशन, विदा तथा अन्य सेवाशर्त नगर प्रहरी व्यवस्थापन कार्यविधी २०७६ बमोजिम हुनेछ ।
- नेपाल बाहिर अध्ययन गरेका उम्मेदवारहरुले शैक्षिक योग्यताको प्रमाणको मान्यता प्राप्त संस्थाबाट समकक्षता निर्धाण गरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।